# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

पत्र संख्याः-२०७९/८०

चलानी नं.:-

सूचना नं. १३५/०७९-८० मिति २०८०/०१/१७

## दरखास्त स्वीकृत सम्बन्धमा

यस आयोगद्वारा प्रकाशन गरीएको विज्ञापन नं. ७२-७६/०७९-८० (खुला तथा समावेशी), प्रशासन सेवा, सामान्य प्रशासन/लेखा/आन्तरिक लेखापरीक्षण समूह, सहायक पाँचौ तह, सहायक पदका लागि भएको विज्ञापनमा जिल्ला धनुषा बटेश्वर गाउँपालिका वडा नं. १ निवासी जगरुप महतोको छोरा पवन कुमार महतोले अनलाइन मार्फत दरखास्त पेश गरेको तर निजले नागरीकता प्रमाणपत्र प्राप्त नगरेको र सो सम्बन्धमा श्री सम्मानित सर्वोच्च अदालत काठमांडौबाट मिति २०७९/०९/१४ गते भएको आदेशमा निवेदकको हकमा निजलाई शैक्षिक संस्थामा अध्ययन गर्न, रोजगरीको लागि आवेदन गर्न, सवारी चालक अनुमति पत्रको लागि आवेदन गर्न समेत नागरिकता नभएका कारणले रोक नलगाउनु भनी अन्तरिम आदेश जारी भएको साथै निवेदकको आमाको नागरिकता बंशजको आधारमा, बुबाको जन्मको आधारमा र दाजुको वंशजको आधारमा नागरिकता प्राप्त गरेको भन्ने निवेदनमा उल्लेख भएको हुँदा सो सम्बन्धमा निवेदक पवन कुमार गुप्ता र अन्य समान प्रकृतिका हाल दर्ता भएका र पछि दर्ता हुने आवेदकहरुको हकमा समेत अदालतबाट समान प्रकृतिको मुद्दामा आदेश भएको अवस्थामा मात्र बुबाको नागरिकताको प्रतिलिपि, आमाको नागरिकताको प्रतिलिपि, बुबा आमासँगको नाता प्रमाणित प्रतिलिपि, र जन्म दर्ता समेतका प्रमाणहरुको प्रतिलिपि सूचना प्रकाशन भएको मितिले सात दिन भित्र पेश गर्न सूचना दिने र सो समय भित्र उल्लेखित प्रमाणहरु पेश गरेमा दरखास्त स्वीकृत गर्ने भनि आयोगबाट मिति २०८०/०१/१२ गते निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नोटः उक्त किसिमका प्रमाणपत्रहरु अनलाईन दरखास्त प्रणालीको तालिम खण्डमा PDF Format मा अपलोड गर्नुपर्नेछ ।**

२०८०/१/१६.

(केदारनाथ रिजाल)
अधिकृत सातौं

(कृष्ण प्रसाद पौडेल)
अधिकृत आठौं